अनुसूचि -२
(दफा ४ तथा अनुसूची-१को भाग १ सँग सम्बन्धित)

# मुगुम कार्मारोङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७,  संख्याः ४,  मितिः २०८०/११/०३

## भाग-१

## मुगुम कार्मारोङ गाउँपालिका

### मुगुम कार्मारोङ गाउँपालिकाको आर्थिक ऐन(पहिलो संशोधन),२०८०

**प्रस्तावनाः**

मुगुम कार्मारोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको मुगुम कार्मारोङ गाउँपालिकाको आर्थिक ऐन,२०८० लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम मुगुम कार्मारोङ गाउँपालिकाको गाउँ सभाको १३औं अधिवेशनको मिति २०८०।११।०३ गतेको बैठकले यो ऐन बनाएको छ।

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम आर्थिक ऐन(पहिलो संशोधन) २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक ऐन,२०८० को अनुसूचि ४ मा संशोधनः- (१) आर्थिक ऐन,२०८० (यस पछि मुल ऐन भनिएको) अनुसूचि ४ को क्रम संख्या १ र ७ को सट्टामा देहाय बमोजिमको व्यवस्था गरिएको छ।

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | चिराइतो प्रति के.जि. | रु.५० |
| ७ | वन लसुन प्रति के.जि. | रु.५० |

(२) मुल ऐनको अनुसूचि ४ मा देहाय बमोजिमको थप क्रम संख्या ३६ र ३७ को व्यवस्था गरिएको छ।

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | गन्धाइनु प्रति के.जि. | रु.३ |
| ७ | डाले चुक प्रति के.जि. | रु.५ |

आज्ञाले
मुक्ति नन्द रावल
प्रमुख प्रशासकीय अधिकृत